नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ६६१

## सूचना

सूचना नं. ४० (आ.व.०८२/८३)

जल तथा मौसम विज्ञान विभागको मिति २०८२।१०।१३ को मौसम सम्बन्धी जानकारी अनुसार मिति २०८२।१०।१४ गतेदेखि केहि दिन बागमती प्रदेशका केहि स्थानहरूमा मध्यम बर्षा एवम् हल्का हिमपातको सम्भावना रहेको भनी सूचना जारी भए बमोजिम उल्लिखित अवधिमा रसुवा जिल्लाका उच्च हिमाली भू-भागमा हिमपात तथा अन्य भू-भागमा वर्षातको सम्भावना रहेकोले सम्भावित जोखिमको आंकलन गरी आवश्यक शर्तकता अपनाउनु हुन अनुरोध छ। पदयात्राका क्रममा रहनु भएका स्वदेशी एवम् विदेशी पर्यटकहरू सुरक्षित स्थानमा रहनुहुन एवम् अत्यावश्यक कामको सिलसिलमा यात्रा गर्नुहुने महानुभावहरूले मौसम तथा सडकमार्ग/पदमार्गको अवस्था बुझी स्थानीय प्रशासनको समन्वयमा मात्र यात्रा गर्नुहुन र चिसो अवधिभर जोखिमपूर्ण अवस्थामा रहनुहुने उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग एवम् सम्पूर्ण जिल्लाबासीहरूमा न्यानो कपडा लगाउन, आवश्यक सूचना तथा जोखिम विश्लेषण पश्चात् मात्रै घर बाहिर निस्किनु हुन समेत आग्रह छ। साथै, कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, जनप्रतिनिधि, नजिकको सुरक्षा निकाय तथा स्थानीय प्रशासनलाई याथाशीघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

मिति: २०८२।१०।१४ गते।
ने.सं. ११४६ सिल्लाथ्व दशमी।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

<u>तत्काल सम्पर्कको लागि:</u>

जिल्ला आपतकालिका कार्यसञ्चालन केन्द्र (DEOC) रसुवा: ०१०-५४००१९, मो.९८४५५५७५१४